# सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेट जारी सम्बन्धी सूचना

बिदामा वा कार्यस्थल परिवर्तनको निवेदन दिएर नयाँ कार्यस्थल खोज्ने ३ महिनाको अवधिमा नेपाल आएका ई पि एस श्रमिकहरुले सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेट जारी गरेर मात्र दक्षिण कोरिया प्रवेश गर्न पाउने छन् । माथि उल्लेखित सर्टिफिकेटको लागि निवेदन दिदा तल दिएका विषयलाई विशेष ध्यान दिन हुन विनम्र अनुरोध गर्दछौं ।

१. सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेट बिना दक्षिण कोरिया प्रवेश निषेध गरिएको छ ।

२. सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेट जारी गर्न लगभग ३ देखि ४ हप्ता (कहिलेकाहीँ त्योभन्दा बढी) लाग्न सक्ने हुनाले आफ्नो **भिसा र रिइन्ट्रि पर्मिट सकिने मितिलाई ध्यानमा राखी अगावै सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेटको लागि कागजपत्र बुझाउनुहोस्** ।

३. सेल्फ क्वारेन्टिन कन्फर्मेशन फाराम भर्दा सेल्फ क्वारेन्टिन बस्ने ठेगानापनि अनिवार्यरुपमा भर्नु पर्ने हुनाले **सबैभन्दा पहिला दक्षिण कोरियाली सरकारले तोकेको नियम र मापदण्ड अनुसारको सेल्फ क्वारेन्टिन बस्ने स्थान खोज्नुहोस्** ।

४. छुट्टिमा आएका श्रमिकहरुले सेल्फ क्वारेन्टिन बस्ने ठाउँ आफै खोजेको हो भने **आफ्नो कम्पनीमा**पनि सो बारे **जानकारी दिनुहोस्** ।

५. सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेट जारीको लागि बुझाउन पर्ने कागजपत्र निम्न अनुसार छ ।

① Self−Quarantine Confirmation Form(सेल्फ क्वारेन्टिन कन्फर्मेशनफाराम)
② Corona Medical Expenses Form(कोरोना उपचार खर्च व्यहोर्ने सम्बन्धी मन्जुरी पत्र)
③ अनुमानित उडान मितिको हवाई टिकट बुकिङ

*माथि उल्लेखित फाराम हाम्रो वेबसाईटको News & Events सेक्सनबाट डाउनलोड गर्न सकिन्छ । नेपाली भाषामा भएको फाराम बुझ्नको लागि मात्र राखिएको हो । कृपया कोरियन वा अङ्ग्रेजीमा भएको फाराम प्रयोग गर्नुहोस् ।*

६. सेल्फ क्वारेन्टिन सर्टिफिकेट जारीको लागि कोरियाको सम्बन्धित निकायहरुबाट प्रकृया पुरा गरि सर्टिफिकेट जारी सम्बन्धी निर्णय गर्दछ । निर्णयबारे तपाईहरुलाई फोनमार्फत जानकारी गर्ने छौं ।

पुनश्च सेल्फ क्वारेन्टिन सर्टिफिकेट जारी सम्बन्धी निर्णय हुन ३–४ हप्ता वा सोभन्दा बढीपनि लाग्न सक्ने हुनाले आफ्नो भिसा र रिइन्ट्रि पर्मिटको म्यादलाई ध्यानमा राखी सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेटको लागि निवेदन दिनुहोस् ।

**नेपाल ई पि एस सेन्टर**
**एच आर डि कोरिया**
**ग्वार्को**

HRDK